**सूचना प्रकाशित मिति:- २०७७-०७-०५**

गोरखा जिल्ला, गोरखा नगरपालिका भएर बहने दरौदी नदि र मर्स्याङ्दी नदीका बिभिन्न घाटहरुबाट वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य प्रयोजनका लागि तयार गर्ने प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनको

**सार्वजनिक सुनुवाईमा लिखित रायसुझाव दिने बारेको सूचना**

गोरखा जिल्ला गोरखा नगरपालिका भएर बहने दरौदी नदि र मर्स्याङ्दी नदीका बिभिन्न घाटहरुबाट वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने प्रस्ताव कार्यान्वयन गर्न तयार गर्न लागिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन उपर हुन आयोजना गर्नु पर्ने सार्वजनिक सुनुवाई कार्यक्रम अहिलेको कोभिड महामारीले सिर्जना गरेको विशेष परिस्थितिका कारण आयोजना गर्न नसकिने अवस्था भएकोमा नगपालिकाको आधिकारिक वेवसाइट मार्फत सार्वजनिक गरिएको व्यहोरा अवगत गराउँदै यस प्रतिवेदनमा आफ्ना रायसुझाव उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

उक्त योजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको प्रतिवेदनमा योजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, सरोकारवालाहरु व्यक्ति, समुदाय वा निकाय, संघसंस्थाका प्रतिनिधिहरुले उक्त आयोजनाको प्रस्ताव कार्यान्वयन गर्दा निर्माण र संचालन चरणमा स्थानीय भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक वातावरण र बासिन्दामा पार्न सक्ने प्रभाव तथा त्यसका लागि अपनाइने सकारात्मक प्रभाव अभिवृद्धि र नकरात्मक प्रभाव न्यूनीकरणका उपायहरुका बारेमा समेत मिति २०७७-०७-१४ भित्र रायसुझाव प्रदान गरिदिनुहुन अनुरोध गर्दछौं ।


**<u>रायसुझाव पठाउने ठेगाना</u>**

गोरखा नगरपालिका, नगरकार्यपालिकाको कार्यलय, गोरखा

फोन नं:- ०६४-४२०६९६

वेबसाइट: www.gorkhamun.gov.np

इमेल: gorkhamun@gmail.com

info@gorkhamun.gov.np


प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner